# प्रदेश लोक सेवा आयोग

## कर्णाली प्रदेश, सुर्खेत

### (प्रशासन, दरखास्त व्यवस्थापन तथा प्रकाशन शाखा)

**स्वास्थ्य सेवाका अधिकृतस्तर सातौं र सहायकस्तर पाँचौं तहका पदको आन्तरिक प्रतियोगितात्मक परीक्षाको विज्ञापन**

**सूचना नं. ४३।२०८१-८२** **प्रकाशन मितिः- २०८१।०४।२९**

आयोगबाट मिति २०७८।०९।२७, २०७९।०६।२५ र २०७९।०८।२७ मा प्रकाशित सूचना अनुसार छुट्याइएका देहायका पदमा आन्तरिक प्रतियोगिताद्वारा पदपूर्ति गर्नुपर्ने भएकाले योग्य उम्मेदवारहरुबाट दरखास्त आह्वान गरिन्छ। तोकिएको न्यूनतम योग्यता पुगेका उम्मेदवारहरुले आयोगको अनलाइन दरखास्त प्रणाली https://ppsconline.karnali.gov.np/#/login बाट अनलाइन दरखास्त दिनुपर्नेछ। प्रतियोगितात्मक परीक्षाबाट छनौट भएका उम्मेदवारलाई नियुक्तिको लागि सम्बन्धित निकायमा सिफारिस गरिनेछ।

| सि.नं. | विज्ञापन नं. | पदपूर्तिको किसिम | पद | सेवा, समूह, उपसमूह | तह | पदसंख्या | लिखित परीक्षा कार्यक्रम |
|---|---|---|---|---|---|---|---|
| १ | ५०१।२०८१-८२ | आ.प्र. | नर्सिङ अधिकृत | स्वास्थ्य, जनरल नर्सिङ | सातौं | ३ | लिखित परीक्षा कार्यक्रम पछि प्रकाशित गरिनेछ। |
| २ | ५०२।२०८१-८२ | आ.प्र. | जनस्वास्थ्य अधिकृत | स्वास्थ्य, हे.ई. | सातौं | २ | |
| ३ | ५०३।२०८१-८२ | आ.प्र. | मेडिकल ल्याव टेक्नोलोजिष्ट | स्वास्थ्य, मे.ल्या.टे./ज.मे.ल्या.टे. | सातौं | १ | |
| ४ | ५०४।२०८१-८२ | आ.प्र. | रेडियोग्राफी टेक्नोलोजिष्ट | स्वास्थ्य, रेडियोग्राफी | सातौं | १ | |
| ५ | ५०५।२०८१-८२ | आ.प्र. | कविराज | स्वास्थ्य, आयुर्वेद | पाँचौं | १ | |
| ६ | ५०६।२०८१-८२ | आ.प्र. | हेल्थ असिष्टेन्ट | स्वास्थ्य, हे.ई. | पाँचौं | ३ | |
| ७ | ५०७।२०८१-८२ | आ.प्र. | प.हे.न. | स्वास्थ्य, क.न. | पाँचौं | १ | |
| ८ | ५०८।२०८१-८२ | आ.प्र. | ल्याव टेक्निसियन | स्वास्थ्य, मे.ल्या.टे./ज.मे.ल्या.टे. | पाँचौं | ३ | |



टेलिफोन नं. ०८३-५९०३००, ५९०३०६ ईमेलः ppsckarnali@gmail.com, info.ppsc@karnali.gov.np वेबसाईटः https://ppsc.karnali.gov.np

**परीक्षाको किसिमः–** लिखित र अन्तर्वार्ता (सम्बन्धित पाठ्यक्रममा उल्लेख भए बमोजिम)।

**परीक्षा केन्द्रः–** वीरेन्द्रनगर, सुर्खेत, कर्णाली प्रदेश।

**दरखास्त दस्तुरः–** दरखास्त दस्तुर अधिकृतस्तर सातौंको लागि रु.१२००।-(एक हजार दुई सय रुपैयाँ) सहायकस्तर पाँचौ तहको रु.५००।-(पाँच सय रुपैयाँ) बुझाउनु पर्नेछ।

**दरखास्त दस्तुर बुझाउने विधिः–** आयोगको विद्युतीय दरखास्त (Online Application) प्रणालीबाट फाराम Submit गरिसकेपछि Online Payment वा Offline Payment मध्ये एक Option छनौट गरी दरखास्त दस्तुर भुक्तानी गर्ने। Online Payment गर्ने उम्मेदवाहरुले तोकिएको wallet हरुको प्रयोग गरी तत्कालै भुक्तानी गर्न सकिनेछ। Offline Payment गर्ने उम्मेदवारहरुले तोकिएका बैंकहरु मध्ये कुनै एक बैंक छनौट गरी भौचर प्रिन्ट गरी सम्बन्धित बैंकमा गई दरखास्त दस्तुर बुझाउने अवधि भित्र बुझाइ सक्नुपर्नेछ।

**दरखास्त दस्तुर बुझाउने अवधिः–** अनलाइन माध्यमबाट दरखास्त पेश गरिसकेपछि उम्मेदवारले प्राप्त गरेको Master ID र कारोबार संकेत नम्बर उल्लेख भएको भौचर सहित ढिलोमा दोब्बर दस्तुर तिरी दरखास्त दिन पाउने अन्तिम मितिको भोलिपल्ट कार्यालय समय भित्र (उक्त दिन सार्वजनिक बिदा पर्न गएमा सो पछि कार्यालय खुलेको पहिलो दिन) तोकिएको परीक्षा दस्तुर/दोब्बर दस्तुर अनिवार्य रुपमा बुझाई सक्नुपर्नेछ।

**दरखास्तको माध्यमः–** प्रकाशित सबै पदको विज्ञापनमा अनलाइन प्रणाली मार्फत मात्र दरखास्त बुझाउनु पर्नेछ। आयोगको अनलाइन दरखास्त https://ppsconline.karnali.gov.np/#/login मार्फत दरखास्त पेश गर्न सकिनेछ र दरखास्त पेश गर्ने विधि/तरिका सम्बन्धी विस्तृत विवरण आयोगको वेवसाइटमा हेर्न सकिनेछ।

**अपलोड गर्नुपर्ने कागजातहरुः–** उम्मेदवारले शैक्षिक योग्यता (लब्धाङ्क पत्र र चारित्रिक प्रमाणपत्र), तालिम, अनुभव, व्यवसायिक दर्ता तथा नवीकरणको प्रमाणपत्र लगायत सम्बन्धित विज्ञापनमा तोकिएका कागजपत्र अनलाईन दरखास्त प्रणालीको तोकिएको स्थानमा pdf/jpg file मा अपलोड गर्नु पर्नेछ। सबै उम्मेदवारले आफ्नो नागरिकताको प्रमाणपत्रको अगाडि र पछाडिको भाग स्क्यान गरी pdf/jpg file मा अपलोड गर्नु पर्नेछ। दरखास्तमा उल्लेख गरेको विवरणका सम्बन्धमा उम्मेदवार स्वयं पूर्ण जवाफदेही हुनुपर्नेछ।

**दरखास्त दिने अन्तिम मितिः-** २०८१।०५।१७ सम्म र दोब्बर दस्तुर तिरी २०८१।०५।२४ सम्म।

**अन्तर्वार्ता हुने मिति र स्थानः-** लिखित परीक्षाको नतिजा प्रकाशित हुँदा सूचना गरिनेछ।

**पदमा रही गर्नुपर्ने कामको विवरणः-** सेवा समूह सम्बन्धी।

**तलब, सेवा शर्त तथा सुविधाः–** प्रदेश सरकारको कानून बमोजिम।

**आवश्यक न्यूनतम शैक्षिक योग्यताः-**

**(क) <u>स्वास्थ्य सेवाको अधिकृत सातौंको लागि</u>**

- **नर्सिङ अधिकृतः-** मान्यता प्राप्त शिक्षण संस्थाबाट नर्सिङ विषयमा प्रमाणपत्र तह उत्तीर्ण।
- **जनस्वास्थ्य अधिकृतः-** मान्यता प्राप्त शिक्षण संस्थाबाट सामान्य चिकित्सा विषयमा प्रमाणपत्र तह उत्तीर्ण।
- **मेडिकल ल्याव टेक्नोलोजिष्टः-** मान्यता प्राप्त शिक्षण संस्थाबाट मेडिकल ल्याव टेक्नोलोजी विषयमा स्नातक तह उत्तीर्ण।
- **रेडियोग्राफी टेक्नोलोजिष्टः-** मान्यता प्राप्त शिक्षण संस्थाबाट रेडियोग्राफी विषयमा प्रमाणपत्र तह वा सो सरह उत्तीर्ण।

**(ख) <u>स्वास्थ्य सेवाको सहायक पाँचौंको लागि</u>**

- **कविराजः-** मान्यता प्राप्त शिक्षण संस्थाबाट आयुर्वेद विषयमा प्रमाणपत्र तह उत्तीर्ण।
- **हेल्थ असिष्टेन्टः-** मान्यता प्राप्त शिक्षण संस्थाबाट अ.हे.व. वा सि.एम.ए. कोर्ष उत्तीर्ण गरी सी.अ.हे.व. तालिम प्राप्त।
- **प.हे.न.:-** मान्यता प्राप्त शिक्षण संस्थाबाट अ.न.मी. कोर्ष उत्तीर्ण गरी सी.अ.न.मी. तालिम प्राप्त।
- **ल्याव टेक्निसियनः-** मान्यता प्राप्त शिक्षण संस्थाबाट हेल्थ ल्याव विषयमा प्रमाणपत्र तह उत्तीर्ण वा मान्यता प्राप्त शिक्षण संस्थाबाट एस.एल.सी./एस.ई.ई. उत्तीर्ण गरी ल्याव टेक्निसियन विषयमा दुई वर्ष ६ महिनाको कोर्ष उत्तीर्ण।

**दरखास्त दिने उम्मेदवारहरुले ध्यान दिनुपर्ने विषयहरुः-**

(क) आन्तरिक प्रतियोगितात्मक परीक्षाद्वारा पूर्ति हुने पदहरुमा एक तहमुनिको पदमा न्यूनतम तीन वर्ष सेवा अवधिपूरा भएका र कर्मचारी समायोजन ऐन, २०७५ अनुसार कर्णाली प्रदेशमा समायोजन भएका कर्मचारीहरु सम्भाव्य उम्मेदवार हुन सक्नेछन्।

(ख) नेपाल स्वास्थ्य सेवा ऐन, २०५३ दफा २७ बमोजिम बढुवाका लागि अयोग्य नभएको हुनुपर्नेछ।

(ग) स्वास्थ्य सेवा तर्फको पदमा नेपाल स्वास्थ्य सेवा ऐन, २०५३ को दफा २६ बमोजिम सेवा अवधि र नेपाल स्वास्थ्य सेवा नियमावली, २०५५ को नियम ८१ बमोजिम तोकिएको शैक्षिक योग्यता र सेवा अवधि पूरा गरेका कर्मचारी उम्मेदवार हुनेछन्।

(घ) अनलाईन दरखास्त फाराम भर्दा आफ्नो सेवा सम्बन्धी विवरण अनिवार्य रुपमा उल्लेख गर्नु पर्नेछ।

(ङ) आयोगले निर्धारण गरेको उम्मेदवारको अनुभव, असाधारण बिदा र अन्य आवश्यक विवरण सम्बन्धी फाराम सम्बन्धित अधिकारीको प्रमाणित गराई upload खण्डको तोकिएको महलमा अनिवार्य रुपमा scan गरि upload गर्नु पर्दछ।

(च) आयोगद्वारा तोकिएको म्यादभित्र पेश नभएको वा न्यूनतम योग्यता नपुगेको वा तोकिएको अन्य विवरण नखुलेको वा तोकिएको दस्तुर नबुझाएको दरखास्त स्वीकृत गरिने छैन। दरखास्त दिने अन्तिम मितिभित्र निर्धारित शैक्षिक योग्यता हासिल गरिसकेको हुनु पर्नेछ। विदेशी शिक्षण संस्थामा अध्ययन गरेका उम्मेदवारहरुले सम्बन्धित निकायबाट आफूले प्राप्त गरेको योग्यताको समकक्षता निर्धारण गराएको हुनुपर्दछ। तर नेपालका विश्वविद्यालयहरुबाट निर्धारित शैक्षिक योग्यता पुरा गरी निर्धारित पदमा आवेदन दिने उम्मेदवारहरुले सिङ्गल दस्तुर बुझाएर दरखास्त दिने अन्तिम दिनसम्म दरखास्त साथ पेश गर्नुपर्ने

न्यूनतम शैक्षिक योग्यताको प्रमाणपत्र वा लब्धाङ्क विवरण पत्र (ट्रान्सक्रिप्ट) समयावधिको कारणले पेश गर्न नसक्ने अवस्था भएमा यदि उक्त सिङ्गल दस्तुर बुझाएर दरखास्त दिने अन्तिम दिन भित्र सम्बन्धित विश्वविद्यालयबाट परीक्षाफल प्रकाशित भईसकेको रहेछ र सो पुष्ट्याई हुने गरी सम्बन्धित विश्वविद्यालय वा शिक्षण संस्थाबाट सम्बन्धित विद्यार्थीले सो अवधि भित्र उक्त उपाधिको सबै परीक्षाहरु उत्तीर्ण गरिसकेको (सबै वर्ष/सेमेष्टरका परीक्षा, थेसिस, प्राक्टिकल र अन्य आवश्यकता पूरा गरिसकेको) भन्ने बेहोराको पत्र र सबै सेमेष्टरको लब्धाङ्कपत्र पेश गरेमा त्यस्ता उम्मेदवारको न्यूनतम योग्यता पुरा भएको मानिनेछ।

(छ) लिखित परीक्षामा उत्तीर्ण हुने उम्मेदवारले अन्तर्वार्ता दिनुभन्दा अगाडि शैक्षिक योग्यताको प्रमाणपत्र र सेवाको अनुभव आवश्यक पर्नेमा सम्बन्धित कार्यालय प्रमुखबाट प्रमाणित गराएको सक्कल प्रति साथै प्रतिलिपी अनिवार्य रुपमा पेश गर्नुपर्नेछ।

(ज) सहयोगी लेखक माग गर्ने उम्मेदवारले लिखित परीक्षा शुरु हुनुभन्दा कम्तिमा पाँच दिन अगावै आयोगमा सम्पर्क गरी लिखित निवेदन दिनुपर्नेछ।

(झ) विज्ञापन नम्बर एक पटक छनौट गरिसकेपछि पुनः संशोधन नहुने हुँदा विश्वस्त भई विज्ञापन नम्बर छनौट गर्नुपर्नेछ।

(ञ) परीक्षामा परीक्षार्थीले अनिवार्य रुपमा कालो मसीको मात्र प्रयोग गर्नुपर्नेछ अन्यथा उत्तरपुस्तिका रद्द हुनेछ।

(ट) पाठ्यक्रम आयोगको वेवसाइट https://ppsc.karnali.gov.np/course बाट प्राप्त गर्न सकिनेछ।

# प्रदेश लोक सेवा आयोग

## कर्णाली प्रदेश, सुर्खेत

### (प्रशासन, दरखास्त व्यवस्थापन तथा प्रकाशन शाखा)

**स्वास्थ्य सेवाका अधिकृतस्तर सातौं र सहायकस्तर पाँचौं तहको कार्यसम्पादन तथा अनुभवको मूल्याङ्कनको समायोजनबाट हुने बढुवा सम्बन्धी सूचना**

**सूचना नं. ४४।२०८१-८२** **प्रकाशन मितिः- २०८१।०४।२९**

आयोगको मिति २०७८।०९।२७, २०७९।०६।२५ र २०७९।०८।२७ मा प्रकाशित सूचना अनुसार बढुवाका लागि छुट्याईएका देहायका पदमा कार्यसम्पादन तथा अनुभवको मूल्याङ्कनको समायोजनबाट हुने बढुवाद्वारा पदपूर्ति गर्नुपर्ने भएकोले स्वास्थ्य सेवा ऐन, २०५३ (चौंथो संशोधन) को दफा २६ (१) र कर्मचारी समायोजन ऐन, २०७५ को दफा १४ (२ख) बमोजिम सम्भाव्य उम्मेदवारहरुले प्रदेश लोक सेवा आयोगबाट निर्धारित दरखास्त फाराममा उल्लेखित विवरण खुलाई मिति २०८१।०५।३१ गतेसम्ममा दरखास्त दिनुहुन सूचना गरिन्छ। ज्येष्ठताको गणना स्वास्थ्य सेवा ऐन, २०५३ बमोजिम हुनेछ। दरखास्त फाराम प्रदेश लोक सेवा आयोगको वेवसाईट https://ppsc.karnali.gov.np/menu/forums/६० बाट डाउनलोड गर्न सकिनेछ। सम्बन्धित उम्मेदवारले एक प्रति दरखास्त फाराम स्पष्टसँग भरी दरखास्त पेश गर्ने अन्तिम मितिभित्र आयोगको कार्यालयमा बुझाईसक्नु पर्नेछ। प्राप्त हुन आएका दरखास्तलाई बढुवा सूचना नम्बर अनुसार एकमुष्ठ रुपमा प्रदेश निजामती सेवा नियमावली, २०८० को नियम ३९ बमोजिमको बढुवा समितिको सचिवालयमा पठाईनेछ। म्याद नाघी प्राप्त हुन आएका दरखास्त उपर कुनै कारवाही गरिने छैन।

| सि.नं. | बढुवा सूचना नं. | पद | सेवा, समूह, उपसमूह | तह | पदसंख्या |
|---|---|---|---|---|---|
| १ | ०१।२०८१-८२ | नर्सिङ अधिकृत | स्वास्थ्य, जनरल नर्सिङ | सातौं | २ |
| २ | ०२।२०८१-८२ | जनस्वास्थ्य अधिकृत | स्वास्थ्य, हे.ई. | सातौं | १ |
| ३ | ०३।२०८१-८२ | कविराज | स्वास्थ्य, आयुर्वेद | पाँचौं | १ |
| ४ | ०४।२०८१-८२ | हेल्थ असिष्टेन्ट | स्वास्थ्य, हे.ई. | पाँचौं | ३ |
| ५ | ०५।२०८१-८२ | प.हे.न. | स्वास्थ्य, क.न. | पाँचौं | १ |
| ६ | ०६।२०८१-८२ | ल्याव टेक्निसियन | स्वास्थ्य, मे.ल्या.टे./ज.मे.ल्या.टे. | पाँचौं | २ |

**उम्मेदवारले दरखास्त दिंदा ध्यान दिनुपर्ने विषयहरुः**

(क) बढुवाद्धारा पूर्ति हुने पदहरुमा एक तह मुनिको पदमा न्युनतम तीन वर्ष सेवा अवधि पूरा भएका र कर्मचारी समायोजन ऐन, २०७५ अनुसार कर्णाली प्रदेशमा समायोजन भएका कर्मचारीहरु सम्भाव्य उम्मेदवार हुन सक्नेछन्।

(ख) नेपाल स्वास्थ्य सेवा ऐन, २०५३ दफा २७ बमोजिम बढुवाका लागि अयोग्य नभएको हुनुपर्नेछ।

(ग) समकक्षता निर्धारण गर्नुपर्ने शैक्षिक योग्यताको हकमा समकक्षता निर्धारण गरेको प्रमाणित प्रतिलिपि अनिवार्य रुपमा पेश गर्नुपर्नेछ।

(घ) पहिलेको सेवा अवधिको गणना सम्बन्धमा नेपाल स्वास्थ्य सेवा नियमावली, २०५५ को नियम ११९ बमोजिम हुनेछ।

(ङ) दरखास्त फाराम भर्दा निजामती किताबखानाबाट पाएको कर्मचारी संकेत नम्बर अनिवार्य रुपमा उल्लेख गर्नुपर्नेछ।

(च) दरखास्त फारामको सम्पूर्ण महलहरुमा उल्लेख भए बमोजिमका विवरणहरु स्पष्ट खुलाउनु पर्नेछ। दरखास्त फाराम भर्दा मूल्याङ्कनको लागि गणना हुने पछिल्लो तीन वर्षको कार्य सम्पादन मूल्याङ्कन पेश गरेको कार्यालयको नाम, हालको तहमा अध्ययन विदा र तालिम लिएको भए सो अवधि तथा गयलकट्टी भएको भए सो समेतको विवरण पेश गर्नु पर्नेछ।

(छ) दरखास्त साथ स्वास्थ्य सेवा ऐन, २०५३ को दफा ९ बमोजिम स्तर वृद्धि भएको पत्र र तल्लो तहको नियुक्ति पत्र पेश गर्नुपर्नेछ।

(ज) नेपाल स्वास्थ्य सेवा नियमावली, २०५५ को ६७ बमोजिम सम्भाव्य उम्मेदवारको कार्यसम्पादन मूल्याङ्कन वापत अङ्क गणना गर्दा असार मसान्तसम्मको हिसाबले र अन्य अङ्कको गणना गर्दा विज्ञापन प्रकाशन गर्दा तोकिएको दरखास्त दिने अन्तिम मिति सम्मको अङ्क गणना गरिनेछ।

(झ) दरखास्त फारामको सम्पूर्ण महलहरुमा उल्लेख भए बमोजिमका विवरणहरु स्पष्ट खुलाउनु पर्नेछ।

(ञ) बढुवा सम्बन्धी अन्य व्यवस्था स्वास्थ्य सेवा ऐन, २०५३ तथा स्वास्थ्य सेवा नियमावली, २०५५ र कर्मचारी समायोजन ऐन, २०७५ बमोजिम हुनेछ।

**दरखास्त बुझाउने स्थानः-** प्रदेश लोक सेवा आयोग, कर्णाली प्रदेश, सुर्खेत।

**दरखास्त दस्तुरः-** दरखास्त दस्तुर अधिकृतस्तर सातौं तहको लागि रु.१२००।-(एक हजार दुई सय रुपैयाँ) र सहायकस्तर पाँचौ तहको लागि रु.५००।- (पाँच सय रुपैयाँ) बुझाएको रसिद संलग्न गर्नुपर्नेछ।

**दरखास्त दस्तुर बुझाउने तरिकाः-** https://revenue.fcgo.gov.np/ पोर्टल लगइन गरी दिइएको निर्देशानुसार प्रदेश लोक सेवा आयोग, कर्णाली प्रदेशको तपसिल बमोजिमको कार्यालय कोड र राजश्व शिर्षकमा दरखास्त दस्तुर जम्मा गरी उक्त रकम जम्मा भएको भौचरको प्रति संलग्न गरी दरखास्त पेश गर्नुपर्नेछ।

**कार्यालय कोडः-** २१०००६८०१६ (प्रदेश लोक सेवा आयोग, कर्णाली प्रदेश)

**राजस्व शीर्षक नं.:-** १४२२४

(राजस्व भौचर दाखिला गर्ने कार्यमा कुनै दुविधा भएमा यस आयोगको फोन नं. ०८३-५९०३०६ मा कार्यालय समयमा सम्पर्क गर्नुहुन अनुरोध छ।)


टेलिफोन नं. ०८३-५९०३००, ५९०३०६ ईमेलः ppsckarnali@gmail.com, info.ppsc@karnali.gov.np वेबसाईटः https://ppsc.karnali.gov.np